का.जि.का.द.नं. ७९२/०६९/०७०
स.क.प.द.नं. ३६९९२/०६९/०७०

फोन नं. ०१-४५३२२७०
०१-४५३२२७१

# नेपाल सुनचाँदी ब्यवसायी महासंघ

## Federation of Nepal Gold and Silver Dealers' Associations

**Attn: News Desk** स्थापित : २०६९, काठमाडौं । मिति : २०८१/०५/२८

### Weekly Chart




| Date | Day | Gold Per 10g | Gold Per Tola | Silver Per 10g | Silver Per Tola |
|---|---|---|---|---|---|
| 2081/05/23 | Sunday | 1,30,400 | 1,52,100 | 1,500.50 | 1750 |
| 2081/05/24 | Monday | 1,30,485 | 1,52,200 | 1,504.50 | 1,755 |
| 2081/05/25 | Tuesday | 1,30,660 | 1,52,400 | 1,513 | 1,765 |
| 2081/05/26 | Wednesday | 1,31,515 | 1,53,400 | 1,526 | 1,780 |
| 2081/05/27 | Thursday | 1,31,430 | 1,53,300 | 1,539 | 1,795 |
| 2081/05/28 | Friday | 1,34,000 | 1,56,300 | 1,594.50 | 1,860 |

### सुनको मुल्यमा यो साता पनि रेकर्ड पछि रेकर्ड कायम

यो साता पनि सुनको मुल्यले नयाँ रेकर्ड कायम गरेको छ । साताको चौथो दिन बुधबार रेकर्ड कायम गरेको मुल्य पाँचौं दिन बिहिबार सामान्य घटेर साताको पछिल्लो कारोबार भएको दिन शुक्रबार पुनः ऐतिहासिक रेकर्ड कायम गरेको हो । अन्तर्राष्ट्रिय बजारमा देखिएको द्वन्दको प्रभाव, कच्चा तेलको मुल्यमा भएको वृद्धि, डलरको विनिमय दरमा देखिएको स्थिरता, सुनको मुल्यमा विगत केही समय देखि देखिँदै आएको बढ्दो ट्रेण्ट लगायतका कारणले सुनको मुल्य बढ्न सघाएको बिश्लेषकहरुको भनाई छ ।

नेपाली बजारमा पनि यो साता सुनको मुल्यले रेकर्ड पछि रेकर्ड कायम गर्यो । साताको पहिलो दिन आइतबार प्रति १० ग्राम १ लाख ३० हजार ४ सय रुपैयाँ रहेको सुनको मुल्य साताको चौथो दिन बुधबार उच्च रेकर्ड राख्दै प्रति १० ग्राम १ लाख ३१ हजार ५ सय १५ रुपैयाँ पुग्यो । त्यस पछि बिहिबार सामान्य घटेको मुल्य शुक्रबार पुनः अर्को रेकर्ड कायम गर्दै प्रति १० ग्रामको मुल्य १ लाख ३४ हजार ४ सय रुपैयाँ पुग्यो । यो मुल्य साताको पहिलो दिनको तुलनामा पछिल्लो कारोबार भएको दिन शुक्रबार प्रति १० ग्राम ३ अजार ६ सय रुपैयाँ बढी हो ।

यो साता नेपाली बजारमा चाँदीको मुल्य पनि सामान्य बढेको छ । साताको पहिलो दिन आइतबार प्रति १० ग्राम १ हजार ५ सय रुपैयाँ ५० पैसा रहेको मुल्य साताको पछिल्लो कारोबार भएको दिन शुक्रबार प्रति १० ग्राम १ हजार ५ सय ९४ रुपैयाँ ५० पैसा भयो ।

किरणभाई बज्राचार्य
**महासचिव**

email: info@fenegosida.org/ webside: www.fenegosida.org, Post Box No: 20712